आकाशवाणी समाचार- नेपाली
मितिः २६ सितम्बर २०२४
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले हिज साझ सिकन्दराबादको राष्ट्रपति निलयममा पहिलो भारतीय कला महोत्सवको उद्घाटन गर्नुभयो। उहाले भन्नुभयो कि संस्कृतिए विरासत अनि कलाले, विविधतामा एकताको भावनालाई सशक्त बनाउदछ।
२. भाजपाका वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले हिज हरियाणाको हिसारमा जन आशीर्वाद रैलीलाई संबोधित गर्नुहुदै भाजपाले कृषकहरुको समस्याहरुको समाधान गरिरहेको बताउनुभएको छ ।
३. प्रधानमंत्री नरेन्द्र मोदी आज पुर्वानंह 11 बजे आकाशवाणी बाट श्मन की बातश कार्यक्रममा देशवासिहरु सित आफ्नो विचार साझा गर्नुहुनेछ।
४. विदेश मंत्री डॉक्टर सुब्रह्मण्यम जयशंकरले पाकिस्तानको सीमा पार आंतकवादको नीति कहिले पनि सफल नहुने बताउनुभएको छ।
५. महिला अनि बाल विकास मंत्री अन्नपूर्णा देवीले, सरकार प्रत्येक बाल-बालिकाको लागि सुरक्षित अनि अनुकूल वातावरण दिनको लागि वचनबद्ध रहेको बताउनुभएको छ ।

राष्ट्रपति -सिकन्दराबाद

राष्ट्रपति द्रौपदी मुर्मुले हिज साझ सिकन्दराबादको राष्ट्रपति निलयममा पहिलो भारतीय कला महोत्सवको उद्घाटन गर्नुभयो। राष्ट्रपतिले भन्नुभयो कि देशको समृद्ध संस्कृतिलाई संरक्षित राख्नु अनि प्रोत्साहन दिनु हाम्रो सम्मिलित जिम्मेवारी हो । उहाले भन्नुभयो - लोक नृत्यए संगीतए कला अनि पारम्परिक पोषाक जस्ता पूर्वोत्तर राज्यहरुको सांस्कृतिक विविधता देशको विरासत हो। राष्ट्रपतिले भन्नुभयो कि संस्कृतिए विरासत अनि कलाले, विविधतामा एकताको भावनालाई सशक्त बनाउदछ।

****** ० ******

**नरेंद्र मोदी हरियाणा**

भाजपाका वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले हिज हरियाणाको हिसारमा जन आशीर्वाद रैलीलाई संबोधित गर्नुभयो। उहाले भन्नुभयो -जुन राज्यमा कांग्रेस सत्तामा हुन्छ त्यहाँ स्थिरता हुनसक्दैन ए किनभने कांग्रेसले झुठो बाचा गर्छन अनि चुनाव पछि आफुले गरेको बाचा देखि पछि हट्ने गर्छ । श्री मोदीले कांग्रेस माथि आरक्षण समाप्त गर्ने आरोप पनि लगाउनुभयो

श्री मोदीले भन्नुभयो भाजपाले कृषकहरुको समस्याहरुको समाधान गरिरहेको छ ए जबकि कांग्रेसले कृषकहरुलाई वोट बैंकको रूपमा हेर्ने गर्दछ । यस भन्दा पुर्ब ए जम्मूमा एक जनसभामा श्री मोदीले भन्नुभयो कि जम्मू कश्मीरका मानिसहरु आफ्नो नानीहरुको उज्ज्वल भविष्यकोलागि शान्ति चाहानछन् । बिगत दुई चरणमा भएको भारी मतदान यसको प्रमाण रहेको उहाले बताउनुभयो। उहाले भन्नुभयो कि कांग्रेसले सेनाको परिवारहरुका लागि एक रैंकए एक पेंशन चार दशक सम्म रोकेर राखे अनि जब वर्ष २०१४ मा भाजपा को सरकार गठन भयो तब यसलाई लागु गरियो । पूर्व मुख्यमंत्री अनि डेमोक्रेटिक प्रोग्रेसिव आजाद पार्टीका अध्यक्ष गुलाम नबी आजादले जम्मूमा अनुच्छेद ३७० को मुद्दा माथि नेशनल कान्फ्रेंस अनि कांग्रेसको आलोचना गर्नुभयो । कांग्रेस नेता प्रियंका गांधीले जम्मूको बिश्नाहमा एक रैलीलाई सम्बोधित गर्दै क्षेत्रिय संसाधनहरुको लाभ बाहिरका मानिसहरुलाई प्राप्त भैरहेको बताउनुभयो ।

****** ० ******

**प्रधानमंत्री मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान ११ बजे आकाशवाणीबाट श्मन की बातश कार्यक्रम मा देशवासीहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मन की बात कार्यक्रम को १ सय १४ औ संस्करण हुनेछ। श्री मोदीले तेस्रो पटक प्रधानमंत्री पद संभाल्नु भए पछि यो मन की बात को चौथो कार्यक्रम हुनेछ। कार्यक्रम आकाशवाणी अनि दूरदर्शन को सबै नेटवर्कए आकाशवाणी समाचार वेबसाइट अनि दमेूवदंपत मोबाइल ऐपमा पनि प्रसारित गरिनेछ। यसलाई आकाशवाणी समाचारए डीडी न्यूजए पीएमओ अनि सूचना एवं प्रसारण मंत्रालय को यूट्यूब चैनलहरुमा पनि सीधा प्रसारित गरिनेछ। हिंदी प्रसारण को तुरंतै पछि आकाशवाणी क्षेत्रीय भाषाहरुमा पनि यसलाई प्रसारित गरिनेछ।

****** ० ******

**जयशंकर-यू.एन.जी.ए.**

विदेश मंत्री डॉक्टर सुब्रह्मण्यम जयशंकरले भन्नु भएको छ कि पाकिस्तानको सीमा पार आंतकवादको नीति कहिले पनि सफल हुने छैन । न्यूयॉर्क मा संयुक्त राष्ट्र महासभाको 79 औं सत्रलाई संबोधित गर्नुहुँदै उहाँले भन्नु भयो कि दुवै देशहरु बीच जुन मुद्दाहरुको समाधान गरिनु पर्ने हुन्छ ती मध्ये भारतीय क्षेत्रलाई पाकिस्तानको अवैध कब्जाबाट मुक्त गराउनु अनि आतंकवाद प्रति लामो समयदेखि चल्दै आइरहेको पाकिस्तानको लगावलाई छोडाउनु शामिल रहेको छ ।उहाँले भन्नुभयो पाकिस्तानले हालैमा आफ्नो कर्मको फल भोग्नु परिरहेको छ द्य श्री जयशंकरले भन्नु भयो पाकिस्तानलाई बेनकाब गरिनु पर्नेछ अनि यसको सामना डटेर गरिनु आवश्यक छ ।

****** ० ******

**किरेन रिजिजू**

संसदीय कार्य मंत्री किरेन रिजिजूले भन्नुभएको छ कि भारत-जापानको साझेदारीले पूर्वोत्तरक मानिसहरुका लागि विभिन्न वैश्विक अवसरहरु उपलब्ध गराउदछ । गुवाहाटीको कॉटन यूनिवर्सिटीमा ए भारत-जापानको तेस्रो शिक्षा सम्मेलनमा श्री रिजिजूले भन्नुभयो - जापानी भाषा सिख्नु अनि जापानी संस्कृतिबारे ज्ञानले क्षेत्रका युवाहरुको जीवन परिवर्तन गर्नमा सहायक हुन सक्नेछ।

****** ० ******

**महिला अनि बाल विकास मंत्री**

महिला अनि बाल विकास मंत्री अन्नपूर्णा देवीले भन्नुभएको छ कि सरकार प्रत्येक बाल-बालिकाको लागि सुरक्षित अनि अनुकूल वातावरण दिनको लागि वचनबद्ध छ । उहाले हिज नयाँ दिल्लीमा सर्वोच्च न्यायालय अनि किशोर न्याय समितिको तत्वाधानमा आयोजित 9 ओ परामर्श बैठकमा यसो भन्नुभएको हो । उहाले दिव्यांग बल-बालिकाहरु समक्ष् आउने विभिन्न चुनौतिहरु सित जुझ्नको लागि एक व्यापक दृष्टिकोणको आवश्यकता माथि जोर दिनुभयो ।

****** ० ******

**निर्वाचन आयोग महाराष्ट्र**

निर्वाचन आयोगले महाराष्ट्रको सबै मतदाताहरु सित विधानसभा चुनावमा भारी संख्यामा वोट हाल्ने अपील गरेको छ अनि लोकतंत्रको पर्वलाई सफल बनाउने बताएको छ। मुख्य निर्वाचन आयुक्त राजीव कुमारले महाराष्ट्रको दुई दिनको यात्रा पछि आयोगको दलले ११ राजनीतिक दलहरुका प्रतिनिधिहरु सित भेट गरेको बताउनुभयो । सबै दलहरुले आफ्नो अनुरोध पत्र आयोगलाई सुम्पिएअको श्री कुमारले बताउनुभयो ।

****** ० ******

**फलाम भारी उद्योग**

केन्द्रीय फलाम अनि भारी उद्योग राज्य मन्त्री भूपतिराजु श्रीनिवासले भन्नुभयो कि भारत वर्तमान १४ करोड़ चालीस लाख टन उत्पादनको साथ फलामको दोस्रो सबैभन्दा ठूलो उत्पादक बनेको छ। उहाले हिज नया दिल्लीमा स्वच्छ फलाम उत्पादनमाथि तीन दिने अन्तर्राष्टीय सम्मेलनलाई सम्बोधित गर्नुहुदै फलाम क्षेत्रमा कुशलता अनि तकनिकी नवाचारको सराहना गर्नुभयो। उहाले भन्नुभयो, यसबाट वैश्विक इस्पात उत्पादनमा दुइ अरब टन नजिक भएको छ। श्री श्रीनिवासले बताउनु भयो फलाम क्षेत्रको भविष्य डिजीकरण, कम्ती कार्बन उत्सर्जन अनि पर्यावरणमाथि आधारित हुनेछ। उहाले उद्योगबाट

नवाचारको माध्यमबाट कम्ती कार्बन भएको फलामको निर्माण गर्ने अनि पहिलो तथा दोस्रो दर्जाको धातु उत्पादकहरूको बीच सहयोग बढ़ाउने आग्रह

****** ० ******

**मौसम**

मौसम विभागले तमिलनाडुए कर्नाटकए लक्षद्वीप औ केरलमा आज भारी वर्षाको अनुमान व्यक्त गरेको छ । गोआए मध्य प्रदेशए महाराष्ट्रए गुजरात अनि उत्तर प्रदेशमा आगामी दुई दिन हल्का देखि मध्यम वर्षा हुन सक्ने सम्भावना छ । मौसम विभागले भनेको छ उत्तराखंडए हिमाचल प्रदेशए पंजाबए हरियाणाए राजस्थान अनि दिल्लीमा पनि आगामी दुइ दिनमा हल्का देखि मध्यम वर्षा हुने सम्भावना छ द्य

****** ० ******

**नेपाल वर्षा**

नेपालमा विगत केही दिनहरूदेखि भइरहेको लगातार वर्षाको कारण पूर्वको संखुवासभामा अरूणदेखि लिएर पश्चिममा कपिलवस्तुको बाणगंगा जस्ता लगभग सबै नदीहरूको जलस्तर खतराको निशानसम्म पुगेको छ। नदी अरूण, दुधकोशी, सनकोशी, बागमती, नारायणी, तिनाऊ अनि बाणगंगा तथा सहायक नदीहरूको जलस्तर चेतावनीको स्तरलाई पार गरिसकेको छ तथा केही नदीहरूको जलस्तर खतराको निशानलाई पनि पार गरिसकेको छ। नेपालको मौसम विभागले आगामी २४ घण्टाको निम्ति तेज वर्षाको अनुमान व्यक्त गरेको छ।

****** ० ******